जनकपुरधाम उप-महानगरपालिका
जनकपुवधाम উप-মहानगवপানিকা

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०७९/०८०
चलानी नं. :- १०,५६८

मिति: २०८०/०३/२०

श्री ....... नं. वडा कार्यालय,
जनकपुरधाम, धनुषा।

**विषयः- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा।**

उपरोक्त बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०७९/८० च.नं. १६० मिति २०८०/०३/०३ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण आ.व. २०८०/८१ को श्रावण देखी भदौ मसान्तसम्म सम्पूर्ण लाभग्राहीहरुलाई नवीकरणबारे जानकारी गराई अनुसूची-२ को परिचयपत्र नवीकरणका लागि दिने निवेदन ढाँचा सहित तपसलिममा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन जानकारी गराईन्छ। साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र यसै साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

१. लाभग्राहीको पासपोर्ट साइजको फोटो १ प्रति, नागरिकता प्रमाणपत्रमा स्थायी ठेगाना खुलेको प्रतिलिपि १ प्रति, स्थायी ठेगाना नखुलेको हकमा बसाईसराईको प्रतिलिपि १ प्रति तथा बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको प्रतिलिपि १ प्रति,
२. सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति र अर्को विवाह नगरेको सिफारिस,
३. विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति र ६० वर्ष मुनिका विधवा महिलाको हकमा अर्को विवाह नगरेको सिफारिस,
४. एकल महिलाको हकमा विवाह नगरेको सिफारिस,
५. अपाङ्गता भएको व्यक्तिको हकमा जनकपुरधाम उप-महानगरपालिका बाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि १ प्रति,

**नोटः** * लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरिसकेको भए अनुसूची-२ मा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्ने ठाउँमा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य उल्लेख गर्नुहुन।

* बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आधिकारीक संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन्। तोकिएको समयमा नवीकरण नगराउने लाभग्राहीहरुको नाम प्रणालीबाट स्वतः हट्ने तथा भत्ता नपाउने र भाद्र मसान्तभित्र नवीकरण नगराएका लाभग्राहीहरुले नयाँ लाभग्राहीको रुपमा निवेदन दिएपछि निवेदन दिएको अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा निर्धारित समयभित्रै नवीकरण गराउनुहुन अनुरोध गरिन्छ।

.........................
(रत्नेश शशि)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- २०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- सा.सु. १९६

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति: २०८०/०३/२९

विषय- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै,

प्रस्तुत सम्बन्धमा तहाँ मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ वमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत देहायको प्रक्रिया अपनाई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध छ।

देहाय

१. परिचयपत्र नवीकरणको समयावधि र प्रक्रियाकाबारे सम्पूर्ण लाभग्राहीलाई स्थानीय संचार माध्यम र सम्बन्धित वडा कार्यालय मार्फत सुसुचित गराउने । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा हुने व्यहोरा समेत जानकारी गराउने,
२. परिचयपत्र नवीकरण गर्दा सम्पूर्ण लाभग्राहीको बैंक खाता अद्यावधिक गर्ने,
३. लाभग्राहीको नागरिकता नं. जारी मिति, जारी गर्ने जिल्ला र तिन पुस्ते विवरण अद्यावधिक गरी नागरिकता प्रमाणपत्रको स्क्यान कपी प्रणालीमा अपलोड गर्ने,
४. प्रणालीमा लाभग्राहीको मोबाईल नं. अद्यावधिक गर्दा सम्वन्धित लाभग्राहीको मोबाईल नं. राख्ने । लाभग्राहीको मोबाइल नं. नभएको अवस्थामा निजको परिवार वा वास्तविक संरक्षकको मात्र मोबाइल नं. राख्ने,
५. परिचयपत्र नवीकरण भए पछि नवीकरण गरिएको निस्सा सम्बन्धित लाभग्राहीलाई उपलब्ध गराउने,
६. कुनै लाभग्राही परिचयपत्र नवीकरण गर्ने समयावधि व्यतित भए पछि नवीकरणको लागि आएमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन लिई प्रकिया अगाडि बढाउने ।

समीर भण्डारी
शाखा अधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np